शिन्जुकु सिटीमा बसोबास गर्ने विदेशी नागरिकका लागि

# घरपालुवा कुकुर र बिरालोका लागि नियम

कुकुर र बिरालो जस्ता घरपालुवा जनावर पाल्न जापानमा विभिन्न किसिमका नियमहरू छन् ।
कृपया ती नियमहरूको पालना गर्नुहोस् ।

## कुकुर

**तपाईंले आफ्नो कुकुरको दर्ता गर्नुपर्ने छ** (A र B मा देखाइएको विधि अपनाएर दर्ता गर्नुहोस् ।)

### A माइक्रोचिप गरिएका कुकुरहरू

- तपाईंको स्मार्टफोनबाट दर्ता गर्नुहोस् । ¥400
- माइक्रोचिप गरिएका मात्रै स्वीकार्य हुनेछन् ।

MoE
दर्ता वेबसाइट

### B माइक्रोचिप नगरिएका

- शिन्जुकु सामुदायिक स्वास्थ्य केन्द्रमा दर्ता गर्नुहोस् । ¥3,000
- दर्ता प्रक्रियापछि ट्याग दिइनेछ । ट्याग तपाईंको कुकुरको घाँटीमा झुण्ड्याइदिनुहोस् ।




※ यदी तपाई शिन्जुकु सिटीबाट बसाइँसराइँ गर्नुभयो भने बसाइँ सरेको नयाँ शहरमा दर्ता गर्नु पर्ने हुन्छ ।

### घरपालुवा जनावरका लागि दैनिक नियमहरू

**एक वर्षमा एक पटक**

1. पशु चिकित्सक कहाँ लगेर रेबिज खोप लगाउनुहोस् ।



2. शिन्जुकु सामुदायिक स्वास्थ्य केन्द्रमा जानुहोस् । (कुकुर लैजान पर्दैन ।)

**के लैजानुपर्छ ?**
- ☐ पशु चिकित्सकले खोप लगाएको सर्टिफिकेट
- ☐ ¥550 भ्याक्सिन ट्याग

3. भ्याक्सिन ट्याग लिनुहोस् । ¥550

घाँटीमा झुण्ड्याउने ।




**दैनिक**

- दिसा संकलन गरी घरमै ल्याएर व्यवस्थापन गर्नुहोस् । पिसाबलाई पानी हालेर बगाइदिनुहोस् ।



- कुकुरलाई खुला रूपमा दौडिन दिन अनुमति छैन ।



- भुक्ने कुकुरलाई सम्हाल्नुहोस् । राम्रोसँग तालिम दिनुहोस् ।



जब तपाईंको कुकुर बाहिर निकाल्नुहुन्छः

- घाँटीमा भ्याक्सिन ट्याग हुनुपर्नेछ ।
- घाँटीमा बेल्ट हुनुपर्नेछ ।
- दिसा संकलन गर्ने भाँडो हुनुपर्नेछ । पिसाब बगाउन पानी पनि बोक्नुहोस् ।



## बिरालो

**बिरालो पाल्न दर्ता गर्नुपर्ने छैन ।**



### बिरालो पाल्ने महानुभावहरूका लागि दैनिक नियमहरू

**दैनिक**

1. तपाईंको बिरालोलाई घरभित्रै राखुहोस् ।



2. घाँटीमा ट्याग झुण्ड्याइदिनुहोस् । पशुचिकित्सक कहाँ लगेर माइक्रोचिप लगाइदिनुहोस् ।



3. बिरालोहरू प्रजननशील हुन्छन् । यदि तपाईंलाई बिरालोका बच्चाहरू चाहिँदैन भने बन्ध्याकरण गरिदिनुहोस् ।





**सोधपुछ**

**घरपालुवा जनावरबारे, रेबिज खोप आदि.**
स्वच्छता शाखा सामुदायिक स्वास्थ्य केन्द्र शिन्जुकु 03-5273-3148 (5-18-21 शिन्जुकु, शिन्जुकु सिटी)